**सुनापति गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः (क) रामेछाप,वागमतीप्रदेश नेपाल, संख्या १
मितिः २०७८/०७/२३

# भाग-३

# सुनापति गाउँपालिकाको कार्यालय

**हिलेदेवी, रामेछाप ।**

**वागमती प्रदेश**

**सुनापति गाउँकार्यपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्बत २०७८ सालको ऐन/नियमावली/कार्यविधी/निर्देशिका नं. ९**

# सुनापति गाउँपालिका कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

## प्रस्तावना

कृषि व्यवसाय सुनापति गाउपालिकाकोआर्थिक विकास कृयाकलापको महत्वपूर्ण अंगको रूपमा रहेको छ ।सुनापति गाउँपालिकामा कृषि व्यवसायलाई थप व्यवसायिक, उत्पादन लागत घटाउन यान्त्रिकरण र प्रविधिमैत्री एवं परिवर्तित वातावरणमैत्री बनाउँदै लैजान जरूरी छ। सुनापति गाउँ पालिकाबाट सञ्चालन गरिने कृषि कार्यक्रमहरूलाई प्रभावकारी, पारदशी, जवाफदेही, उत्तरदायी एवं गुणस्तरयुक्त रूपमा कार्यान्वयन गर्न सुनापति गाउपालिका, गाउ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) र सुनापति गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को व्यवस्था अनुरूप सुनापति गाउँ पालिकाको कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ जारी गरेको छ ।

## परिच्छेदः १

### १. संक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम **सुनापति गाउँपालिकाको कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८**रहेको छ ।

ख. यो कार्यविधि सुनापति गाउँपालिकाक भित्र लागु हुनेछ ।

ग.यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

क. **गाउँपालिका**भन्नाले सुनापति गाउँपालिकालाई जनाउने छ ।

ख. **कार्यपालिका**भन्नाले सुनापति गाउँपालिका, गाउँ कार्यपालिककाको कार्यालयलाई जनाउने छ ।

ग.**अध्यक्ष**भन्नाले सुनापति गाउँपालिकाको अध्यक्षलाई जनाउने छ ।

घ.**उपाध्यक्ष** भन्नाले सुनापति गाउँपालिकाको उपाध्यक्षलाई जनाउने छ ।

ङ. **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले सुनापति गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

च. **आर्थिक विकास समिति**भन्नाले सुनापति गाउँपालिकाको आर्थिक विकास समितिलाई जनाउने छ ।

छ. **शाखा**भन्नाले सुनापति गाउँपालिकाको कृषि विकास शाखालाई जनाउने छ ।

ज. **शाखा प्रमुख**भन्नाले सुनापति गाउँपालिकाको कृषि विकास शाखाको प्रमुखलाई जनाउने छ ।

झ. **मूल्यांकन समिति**भन्नाले यस कार्यविधिको अनुसूचि(१) बमोजिम गठन भएको मूल्यांकन समितिलाई जनाउने छ ।

ञ.**प्रादेशिक मन्त्रालय**भन्नाले बागमती प्रदेश स्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई जनाउने छ ।

ट. **प्रादेशिक निर्देशनालय**भन्नाले बागमती प्रदेश स्थित पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई जनाउने छ ।

## परिच्छेद २:

### ३. उद्देश्य

क. गाउपालिकाबाट सञ्चालन हुने कृषि कार्यक्रम कार्यान्वय प्रकृयालाई सरल, सहज, प्रभावकारी, पारदशी एवं गुणस्तरयुक्त बनाउने ।

ख. कृषि व्यवसायलाई दिगो, मर्यादित, प्रतिस्पर्धी एवं उत्पादनमूलक बनाउने ।

ग. अनुदानमा आधारित कार्यक्रममा अनुदान वितरण प्रकृयालाई सरल र वैज्ञानिकयुक्त बनाई निष्पक्ष र पारदशी बनाउने ।

घ. सेवा प्रवाहको प्रकृयालाई सरल, निस्पक्ष र प्रणालीयुक्त बनाउने ।

ङ. रासायनिक विषादिको प्रयोग व्यवस्थित बनाउने ।

च. लाभग्राहीहरूको छनौट प्रकृयालाई स्पस्ट र पारदशी बनाउने ।

## परिच्छेदः ३

### ४. कार्य सञ्चालन प्रक्रिया

- सूचना प्रकाशन।
- सूचनाअनुसारको निवेदन संकलन।
- प्राप्त प्रस्तावनाको आधारमा फिल्ड भेरिफिकेसन।
- मूल्यांकन समितीबाट मूल्यांकन।
- छनोट भएका कृषक समुह/ निजि तथा साझेदारी फार्म / कृषि सहकारीलाइ सम्झौताको लागि सूचना आह्वान।
- सम्झौता।
- काम सम्पन्न भएपश्चात् स्थलगत अनुगमन गरि भुक्तानीको लागि सिफारिस।

## परिच्छेद ४:

### ५.आर्थिक प्रशासन

कार्यक्रमको लेखाँकन, कारोबार, लेखा परिक्षण गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली,२०६४ सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

## परिच्छेद ५

### ६. थपघट वा हेरफेर गर्न सकिने

यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकताअनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

## परिच्छेद ६

### ७. आलु खेती प्रवर्द्धन कार्यक्रम

**प्रस्तावना:** आलु खेतीमा उन्नत प्रविधिको प्रयोग गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्दै व्यावसायीकरणमा टेवा पुऱ्याउन तथा उत्पादित बस्तुको व्यवस्थित भण्डारण तथा बजारिकरणका लागि आलु खेती प्रवर्द्धन कार्यक्रम २०७८ ल्याइएको हो।

**प्राविधिक पक्ष :**

क) सुनापति गाउँपालिकाले आलु उत्पादन गर्ने क्लष्टर छनौट गरि कार्यक्रम संचालन गर्नुपर्नेछ।

ख) प्रत्येक क्लष्टरमा १० घरधुरी हुनुपर्नेछ। प्रति क्लष्टर १० भन्दा कम घरधुरी भएमा कम प्राथमिकतामा राखिनेछ।

ग) छनौट भएका क्लष्टरमा प्रत्येक घरधुरीले कम्तीमा थप ३ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ।

घ) आलु खेती गर्दा नेपाल सरकारले सिफारिस गरेअनुसारको विउ, तथा मलखादको प्रयोग गर्नुपर्नेछ।

ङ) यो कार्यक्रम कृषि समुह, कृषकहरुको क्लष्टर तथा सहकारीमार्फत संचालन हुनेछ।

**आर्थिक पक्ष**

स्वीकृत वार्षिक वजेटको परिधिभित्र रहि देहायका कार्यहरुमध्ये कुनै एक वा एकभन्दा बढी कार्यका लागि कुल लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ। तालीमको हकमा गाउँपालिका कृषि शाखाले सञ्चालन गर्नेछ। तालीम सञ्चालन यसै कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ।

क) आलु खेतीको लागि आवश्यक वीउ खरीद।

ख) यन्त्र, उपकरण खरीद र सिंचाइ व्यवस्थापन ।

ग) ग्रडिङ, प्याकेजिङ, लेबलिङ, सामग्री खरिद, भण्डारण र बजारीकरण।

घ) गाउँपालिका कृषि शाखाबाट ३ दिने तालिम सञ्चालन।

**मुल्यांकनका आधार**

| क्र.सं. | मूल्याङ्कनको आधार | अंक |
|---|---|---|
| १. | **आलु खेती गर्ने क्षेत्रफल** | **३०** |
| (क) | ३० रोपनी जग्गाको लागि १५ अंक र सो भन्दा बढी क्षेत्रफलका लागि प्रति ३ रोपनी १ अंकका दरले थप गरी अधिकतम ३० अंकसम्म प्रदान गर्ने। | ३० |
| २. | **सिँचाई सुविधा** | **१०** |
| (क) | सिँचाईको सुविधा भएको | २० |
| (ख) | सिँचाईको सुविधा व्यवस्था गर्न सकिने | १० |
| ३. | **रोजगारी सिर्जना** | **१०** |
| (क) | क्लष्टरमा १० जना भन्दा बढी | १० |
| (ख) | क्लष्टरमा ५-१० जनासम्म | ८ |
| (ग) | क्लष्टरमा ५ जना भन्दा कम | ६ |
| ४. | **अनुदानको अवस्था** | **१०** |
| (क) | पछिल्लो दुई आ.व.मा कृषि सम्बन्धी कार्यको लागि समुदायस्तरले अनुदान प्राप्त नगरेको | १० |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि क्षेत्र/व्यवसाय बिस्तारका लागि प्रस्ताव पेश गरेको | ५ |
| ५. | **कार्यक्रममा संलग्न घरधुरी** | **१०** |
| (क) | २० वा सो भन्दा बढी | १० |
| (ख) | ११ देखि १९ घरधुरी | ७ |
| (ग) | १० घरधुरी | ५ |
| ६. | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (नविनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | **१०** |
| | **जम्मा** | **८०** |

## ८. शिताके च्याउ खेति कार्यक्रम

सुनापति गाउँपालिकामा च्याउ खेतिको सम्भाव्यता अधिकतम रहेको छ । सो सन्दर्भमा यस सुनापति गाउँपालिकाको कृषकहरुलाइ व्यवसायिक रुपमा च्याउ खेति गर्नका लागि प्रोत्साहन गर्नुका साथै गाउँपालिकाको आर्थिक विकासमा समेत टेवा पुऱ्याउनका लागि ५० प्रतिशत अनुदानमा शिताके च्याउ खेति कार्यक्रम सञ्चालन गरिनेछ ।

**आर्थिक व्यवस्था :-**

स्वीकृत वार्षिक वजेटको परिधिभित्र रहि देहायका कार्यहरुमध्ये कुनै एक वा एकभन्दा बढी कार्यका लागि कुल लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ। तालीमको हकमा

गाउँपालिका कृषि शाखाले सञ्चालन गर्नेछ। तालीम सञ्चालन यसै कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ।

क) च्याउ खेतीका लागि आवश्यक वीउ तथा उत्पादन सामाग्री खरीद।

ख) यन्त्र, उपकरण खरीद र सिंचाइ व्यवस्थापन ।

ग) ग्रडिङ, प्याकेजिङ, लेबलिङ, सामग्री खरिद, भण्डारण र बजारीकरण।

घ) गाउँपालिका कृषि शाखाबाट ३ दिने तालिम सञ्चालन।

**कृषक छनोटका आधारहरु**

| क.सं. | मुल्यांकनका आधार | अंक |
|---|---|---|
| १ | सिताके च्याउ उत्पादन हुन सक्ने क्षेत्रफल | २० |
| २ | सिंचाइको सुविधा भएको<br>(हुनसक्ने ठाउँलाइ आधा अंक) | २० |
| ३ | कृषि सम्बन्धि अध्ययन गरेका(कम्तीमा सिताके खेती सम्बन्धि ५ दिने तालिम वा सो भन्दा माथिको योग्यता) | २० |
| ४ | सिताके च्याउ खेती गरिरहेका किसान | १५ |
| ५ | पछिल्लो २ आर्थिक वर्ष गाउपालिकाबाट अनुदान प्राप्त नगरेको<br>(अनुदान प्राप्त व्यवसायिक किसान लाइ आधा अंक) | १५ |
| ६ | प्रस्तावना मुल्यांकन | १० |
| | जम्मा | १०० |

९. **रैथाने बाली उत्पादन र प्रवर्द्धन कार्यक्रम**

सुनापति गाउँपालिकामा कृषि व्यवसायको प्रचुर सम्भावना रहेको छ। यस गाउँपालिकामा धेरै जसो कृषि पेसामा संग्लग्न व्यक्तिहरु छन्। अधिकांश कृषकहरुले नयाँ हाइब्रिड जातको प्रयोग गर्न सुरु गरेका छन् भने पुराना जातहरु र वालीहरु जस्तै कोदो, फापर, चिनो, कागुनो, उवा, जौ, लट्टे जस्ता रैथाने तथा सहायक वालीहरुको खेती लोप हुने अवस्थामा पुगको छ। यही कुरालाइ मध्येनजर गर्दै रैथाने बाली उत्पादन र प्रवर्द्धन कार्यक्रम सुनापति गाउँपालिकामा सञ्चालन गरिनेछ।

**कार्यक्रमको उद्देश्य :**

- रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन गर्नु।
- गाउँपालिका अन्तर्गतका कृषि समुह वा सहकारी मार्फत कार्यक्रम सञ्चालन गरि उक्त कृषि समुह वा सहकारी लाइ कृषिक्षेत्रको अंगको रुपमा विकास गर्नु।

**कार्यक्रम सन्चालन स्थान :**

- गाँउपालिका अन्तर्गत कुनै एक वडाबाट कार्यक्रमको सुरुवात।

**लक्षित वर्ग** :

- समुह वा सहकारी मार्फत कृषि पेशामा संग्लग्न सम्पुर्ण कृषकहरु।

**(कार्यक्रमअन्तर्गतका क्रियाकलापहरु तथा सञ्चालन प्रक्रिया नेपाल सरकार कृषि विभाग अन्तर्गतको रैथाने बाली प्रवर्द्धन तथा संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधिलाइ समेत आधार मानि कृषि विकास शाखा सुनापति गाउँपालिकाले तय गर्नेछ)।**

## १०. कृषकलाइ ऋण सहजीकरणका निम्ति व्यवसायिक योजना निर्माण

सुनापति गाउँपालिकामा कृषि व्यवसायको प्रचुर सम्भावना रहेको छ। यस गाउँपालिकामा धेरै जसो कृषि पेसामा संग्लग्न व्यक्तिहरु छन्। व्यवसायिक कृषि गर्ने कृषकको संख्या नि उत्तिकै छ। तर व्यवसायिक किसानले ऋण विभिन्न बैंक बाट लिइ व्यवसाय ठुलो बनाउन सकेका छैनन। ऋण प्राप्तिका लागि व्यवसायिक योजना निर्माण एक महत्वपूर्ण अंग जस्तै हो तर किसानले व्यवसायिक योजना बनाउन आर्थिक खर्च गर्नुपर्ने भएकाले उक्त कार्यका लागि किसानको त्यति आकर्षण छैन। त्यसैले सुनापति गाउँपालिकाले व्यवसायिक योजना निर्माण गरि किसानलाइ सर्वसुलभ मुल्यमा उपलब्ध गराउन आवश्यक देखिन्छ। त्यसैगरि गाउँपालिका कृषि शाखा अन्तर्गतका कार्यक्रमहरुलाइ डिजिटलाइजेसन गर्ने अभियान अन्तर्गत कृषकहरुको विवरण संकलन गर्ने सफ्वोयर पनि बनाउन आवश्यक देखिन्छ।

**कार्यक्रमको उद्देश्य :**

- कृषकलाइ ऋण सहजीकरणका निम्ति व्यवसायिक योजना निर्माण गर्ने सफ्वोयर तयार गर्ने।
- सफ्वोयर निर्माण पश्चात् कृषकहरुलाइ सर्वसुलभ मुल्यमा उपलब्ध गराउने।
- गाउँपालिका कृषि शाखा अन्तर्गतका कार्यक्रमहरुलाइ डिजिटलाइजेसन गर्दै लैजाने।

**लक्षित वर्ग** :

- कृषि पेशामा संलग्न सम्पुर्ण कृषकहरु।

**आर्थिक व्यवस्था** :

- कृषि शाखा आर्थिक विकास अन्तर्गत  रहेको " कृषकलाइ ऋण सहजीकरणका निम्ति व्यवसायिक योजना निर्माण " शीर्षकको बजेटबाट।

### कार्यक्रम संचालन प्रक्रिया

- कार्यक्रमको लागि गाउँपालिका सुचिकृत ३ वटा सफ्वोयर तथा यस सम्बन्धि काम गर्ने कन्सल्टेन्सि वा कम्पनिहरुलाइ दररेट पेश गर्न आह्वान गर्ने।
- दररेटको मुल्यांकन र सबैभन्दा कम दररेट पेश गर्ने कम्पनीको छनोट।
- कार्यादेश।
- कार्य सम्पन्न पश्चात् भुक्तानी।

## ११. साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) कार्यक्रम

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअन २०७७ अनुसार कियाकलापहरु सञ्चालन हुनेछन्।

## १२. विउ तथा विरुवा वितरण कार्यक्रम(विभिन्न अन्नबाली, तरकारी तथा फलफुल)

विभिन्न सिजनमा आवश्यक पर्ने विरुवाहरु वितरणको लागि विरुवा खरिद गरि ५० प्रतिशत अनुदानमा वितरण गरिनेछ। सिजनअनुसार तरकारी तथा अन्नबालीको विउ शतप्रतिशत अनुदान वा साझेदारीमा समेत वितरण गर्न सकिनेछ।

### कार्यक्रम सञ्चालन प्रकिया

- माग संकलन।
- कृषक छनोट।
- अनुदानमा विउ तथा विरुवा वितरण।

## १३. बेमौसमी खेती प्रोत्साहन/ सिंचाइको लागि प्लाष्टिक पोखरी वितरण कार्यक्रम

सुनापति गाउँपालका सिंचाइको सुविधा कम भएको तर बेमौसमि तरकारी खेतीको सम्भाव्यता अधिकतम रहेको छ। सो सन्दर्भमा यस सुनापति गाउँपालिकाको कृषकहरुलाई व्यवसायिक रुपमा वेमौसमि तरकारी खेती गर्नका लागि प्रोत्साहन गर्नुका साथै गाउँपालिकाको आर्थिक विकासमा समेत टेवा पु¥याउनको लागि ७५ प्रतिशत अनुदानमा प्लाष्टिक पोखरी तथा प्लाष्टिक टनेल वितरण कार्यक्रम सञ्चालन गरिनेछ। साथै बेमौसमि खेती प्रोत्साहनको लागि बेमौसमि खेती प्रविधि सम्बन्धी ३ दिने तालिम सञ्चालन गर्न सकिनेछ।

### अनुदान प्राप्त कृषकहरुले गर्नुपर्ने कामको विवरण

- पोखरी वा टनेलको साइज तथा डिजाइन प्राविधिक स्टिमेटअनुसार हुनेछ। सो को जानकारी सूचनामा उल्लेख गरिनेछ।
- पोखरी वा टनेल बनाउदा लाग्ने ज्याला कृषक स्वमले व्यहोर्नु पर्नेछ।
- काम सम्पन्न भएपश्चात अनुगमन गरेरमात्र पोखरी वा टनेलको लागि आवश्यक प्लाष्टिक ७५ प्रतिशत अनुदानमा उपलब्ध गराइनेछ।

### कार्यक्रम सञ्चालन प्रकिया

- माग संकलन।
- कृषक छनोट।
- छनोट भएका कृषकहरुलाइ ७५ प्रतिशत अनुदानमा पोखरी वा टनेलको लागि आवश्यक प्लाष्टिक वितरण।

## १४. एक घर एक करेसावारी कार्यक्रम

सुनापति गाउँपालिकालाइ तरकारी खेतीमा आत्मनिर्भर बनाउने अभियानका सात एक घर एक करेसावारी कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत करेसाबारी निर्माण अभियानका लागि आवश्यक विउविजन, सामाग्री तथा औजार उपकरणहरु खरिद गरि वितरण गरिनेछ। एक घर एक करेसावारी कार्यक्रम सुनापति गाउँपालिकाअन्तर्गतका सवै वडाहरुमा सञ्चालन गरिनेछ। कार्यपालिकाको निर्णयअनुसार कुनै एक वडालाई छनोट गरि कार्यक्रम अगाडि बढाउन सकिनेछ।

## १५. नर्सरी तथा फलफुल व्यवस्थापन

नर्सरी तथा फलफुल व्यवस्थापन कार्यक्रम सुनापति गाउँपालिका वडा नं. २ अन्तर्गत सञ्चालन हुनेछ। अन्य क्रियाकलाप तथा कार्यक्रम सञ्चालन प्रक्रिया नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तर्गतको निजी फलफुल नर्सरी सुदृढिकरण कार्यक्रम आन्तरिक कार्यविधि २०७७ अनुसार हुनेछ।

## १६. चिया खेती विस्तार कार्यक्रम

सुनापति गाउँपालिकाको वडा नं. ३ को स्वाँरा क्षेत्रमा विगत ५ वर्ष देखी चिया खेती कार्यक्रम सञ्चालनमा रहेकोले चिया खेती प्रवर्द्धन गर्नको लागि सार्वजनिक जग्गा वा निजी जग्गा भए करार सम्झौता गरि चिया विकासको लागि उपभोक्ता समिति गठन गरि सो उपभोक्ता समितिमार्फत चिया विकास कार्यक्रम सञ्चालन गरिनेछ। साथै अन्य वडामा समेत चिया खेती विस्तार गर्नकोलागि चियाको विरुवा निशुल्क वितरण गरिनेछ। चिया विकास उपभोक्ता समिति सुनापति गाउँपालिकाको उपभोक्ता समिति गठन सम्बन्धी कार्यविधिलाई आधार मानि गठन गरिनेछ। कृषि शाखाबाट सूचना प्रकाशित गरि कृषि फर्म, समुह तथा सहकारी छनोट गरेर पनि चिया खेती विस्तार कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

## १७.मागमा आधारित कृषि कार्यक्रम

कृषि विकास कार्यक्रममा कृषि फर्म, कृषक समुह तथा सहकारि संस्थाहरुको महत्वपुर्ण भूमिका रहेको छ । कृषि क्षेत्रमा लगानी आकर्षण गर्न, विभिन्न साझेदारहरुको  शीप, दक्षता तथा अनुभवलाई प्रभावकारी रुपमा परिचालन गर्न साझेदारी प्रणाली मार्फत कृषि प्रसार सेवा एवं उत्पादन कार्यमा प्रभावकारिता ल्याउन महत्वपुर्ण योगदान पुर्याउने कृषक समुह एवं कृषि सहकारी संस्थाहरु मार्फत कषि कार्यक्रम सञ्चालन गर्न सकिनृ प्रबल सम्भावना छ । साथै गाऊँ गाऊँ सम्म सन्जाल फैलिएका कृसक समुह एवं कृषक सहकारी संस्थाहरुको पहतकोष रकम उल्लेख्य रहेको तर प्रभावकारी परिचालन हुन नसकेको स्थिति विद्यमान छ । कृषि फर्म, कृषक समुह तथा कृषक सहकारी संस्थाहरुको हितकोष रकमलाई कृषि क्षेत्रमा प्रभावकारी परिचालन गर्न उपयुक्त विधि एवं नितिको आवश्यकता उपभोक्ता कृषक समुहहरुबाट विभिन्न गोष्ठिहरु तथा औपचारिक अध्ययन अनुसन्धानबाट प्रस्तुत भएको पाईन्छ ।कृषि फर्म, कृषक समुह एवं सहकारि संस्थाहरुको अनुत्पादक हितकोषलाई प्रभावकारी परिचालन गरि कृषि प्रसारमा श्रोत जुटाउन महत्वपुर्ण साझेदारको रुपमा पहिचान गनु जरुरी भएको छ ।

**कार्यक्रमको, उद्देश्यः**

- ✓ कृषि फर्म, कृषक समुह एवं कृषक सहकारी संस्थाको हितकोष रकमलाई कृषि क्षेत्रको उत्पादन एवं उपलब्धि मुलक क्षेत्रमा प्रभावकारी परिचालन गर्ने ।
- ✓ कृषि फर्म, समुह वा संस्थागत लगनशिलता कार्य दक्षता एवं जिम्मेवारी पनको विकास गर्दै क्षमता वृद्धि गर्ने ।
- ✓ कृषिको व्यवसायीकरणमा टेवा पुऱ्याउने ।
- ✓ कृषि फर्म, कृषक समुहहरुलाई सहकारीकरण तर्फ उन्मुख गराउने ।

**कार्यक्रमको प्रविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

कृषकहरुलाई समुहमा संगठित हुन सहयोग पुर्याई उनीहरुको समुहलाई नै कृषि प्रसारको सुनियोजित एवं माध्यमको रुपमा उपयोग गर्ने उद्देश्यले कानुनी रुपमा दर्ता भएका कृषि फर्म, कृषक समुह एवं सहकारी संस्थाहरुको प्रस्तावनाको आधारमा फर्म/समुह/संस्थालाई उत्पादन साधनको आपुर्ति, उत्पादित वस्तुको खरिद बिक्री, सङ्कलन प्रशोधन, प्रविधि प्रसार तथा कृषि फर्म/समुह/सहकारीमा आधारित खेती प्रविधि सञ्चालन प्रकृयामा सहयोग पुर्याउन सुनापति गाउँपालिकाबाट सहयोग प्राप्त गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ । कृषि फर्म, कृषक समुह एवं सहकारी संस्थाले पेश गरेका प्रस्तावनाहरु मध्ये उपयुक्त प्रस्तावनाको छनौट गरी सो कृषि फर्म वा समुह वा संस्थालाई आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।

**कार्यक्रम सञ्चालन कार्यविधि**

- ✓ गाउँपालिकाबाट साझेदारीका लागि सार्वजनिक रुपमा सूचना प्रवाह गर्ने।
- ✓ साझेदारी कार्यक्रम प्रस्ताव गर्दा गाउँपालिकाबाट सेवा प्रभावकारितामा वृद्धि गर्ने, आय आर्जन कार्यक्रम, प्रविधि प्रसार जस्ता कार्यक्रमका लागि प्रथामिकता दिने ।
- ✓ कार्यक्रमका लागि कृषि फर्म/कृषक समुह/सहकारी संस्थाबाट तोकिएको ढाँचामा निवेदन लिने ।
- ✓ कार्यक्रम सञ्चालनका लागि कृषि फर्म, कृषक समुह एवं सहकारी संस्था छनौट गर्दा महिला, दलित, जनजाती, विपन्न वर्ग एवं पछाडि परेका वर्गलाई प्राथमिकता दिने ।
- ✓ आयोजना छनौट र मूल्यांकनका आधार विद्यमान नीति निर्देशिका तथा आर्थिक कार्यविधि नियमावली अनुरुप निर्धारण गरि सोहि आधारमा गर्ने ।
- ✓ स्वीकृत भएका आयोजना कृषि फर्म, कृषक समुह एवं सहकारी संस्था मार्फत सञ्चालन गर्ने ।
- ✓ कार्यक्रम निर्धारित आ.व. भित्र गरि सक्नु पर्ने ।
- ✓ कार्यालयबाट उपलब्ध गराईने रकम सम्झौता अनुरुप उपलब्ध गराईनेछ ।
- ✓ कार्यक्रमको अनुगमन मूल्यांकन अनुगमन समितिले गर्नेछ ।
- ✓ कार्यसम्पन्न भएपछि कृषि कृषि फर्म/समुह/संस्थाले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ । सो प्रतिवेदनको आधारमा कार्यालय तर्फबाट उपलब्ध गराईने रकम पूर्ण रुपमा भुक्तानी गरिनेछ ।

**कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदन्ड/नर्म्सः**

निवेदक कृषि कृषि फर्म/समुह/सहकारी संस्थाले कुल कार्यक्रम बजेट आयोजनाको कम्तिमा ५० प्रतिशत रकम व्यहोर्नु पर्ने ।

**मुल्यांकनका आधारहरुः**

| क्र.सं. | मूल्याङ्कनको आधार | अंक |
|---|---|---|
| **१.** | **दर्ता भएको फर्म/समुह/सहकारी संस्था** | **२०** |
| **२.** | **सिँचाई सुविधा** | **२०** |
| (क) | सिँचाई सुविधा भएको | २० |
| (ख) | सिँचाई सुविधा व्यवस्था गर्न सकिने | १० |

| | | |
|---|---|---|
| **३.** | **रोजगारी सिर्जना** | **१०** |
| (क) | रोजगारी सिर्जना गर्न सकिने अवस्था भएको | १० |
| (ख) | रोजगारी सिर्जना गर्न सकिने अवस्था नभएको | ० |
| **४.** | **अनुदानको अवस्था** | **१०** |
| (क) | पछिल्लो दुई आ.व.मा सोही प्रकृतिको कार्यको लागि समुदायस्तरले अनुदान प्राप्त नगरेको | १० |
| .(ख) | पछिल्लो दुई आ.व.मा कृषि सम्बन्धी कार्यको लागि समुदायस्तरले अनुदान प्राप्त गरेता पनि क्षेत्र/व्यवसाय बिस्तारका लागि प्रस्ताव पेश गरेको | ५ |
| **५.** | **कृषि सम्बन्धि योग्यता** | **१०** |
| (क) | जेटि/जेटिए वा माथिल्लो योग्यता | १० |
| (ख) | कृषि सम्बन्धि तालिम (कम्तीमा ७ दिन) | ५ |
| **६.** | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव -नविनतम सोच, दिगोपन, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरि १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने)** | **१०** |
| | **जम्मा** | **८०** |

## १८. माटो जाँचकोशिविर संचालन

विभिन्न बाली वस्तुहरु लगाउने माटोमा रहेका खाद्य तत्वहरु अम्लिय तथा क्षारियपन प्राङ्गारिक पदार्थ आदिको अवस्था पहिचान गर्न, माटोको उर्वराशक्ति ह्रासलाई सुधार गरी विभिन्नबालीहरुको आवश्यकता अनुरुप खाद्यतत्व आपूर्ति गर्न स्थलगत रुपमा कृषकहरुको खेतवारीको माटो जाँचसेवा उपलब्ध गराउन माटो जाँचको शिविर संचालन आवश्यक छ।

**उद्देश्य:**

माटोमा रहेका बिरुवाको खाद्यतत्व पहिचान, सम्वद्ध समस्याहरुको समाधान, प्राङ्गारिक श्रोतको प्रवर्द्धन गरी माटोको उर्वराशक्तिव्यवस्थापन, बिरुवाको विकास र वृद्धिमा सुधार ल्याई कृषि उत्पादकत्वमा सुधार ल्याउने।

**कार्यक्रम सञ्चालनप्रकृया:**

यस कार्यक्रमअन्तर्गत निम्नअनुसारका कृयाकलापहरु सञ्चालनगर्न सकिने छ।

(१) माटो जाँच शिविर सम्बन्धी तालिम वा अन्तरकृया।

(२) माटो जाँच (माटो जाँच्ने किटको सहायताबाट)

(३) विरुवालाई चाहिने खाद्यतत्व कृषि चुन तथा प्राङ्गारिक मल व्यवस्थापन।

**नोटः माटो जाँच शिविर सञ्चालन अवधि २ दिनको हुनेछ। पहिलो र दोश्रो दिन माटोका जाँच तथा दोश्रो र तेश्रो दिन माटो परिक्षण शिविर अन्तरकृया कार्यक्रम सम्पन्न हुनेछ। माटो शिविर हुने स्थानको छनोट आवश्यकताका आधारमा सुनापति गाउँपालिका कृषि शाखाले तय गर्नेछ।**

## १९. रष्टिक हाउस सञ्चालन कार्यविधि

नेपालमाआलुबालीखाद्य सुरक्षाको हिसाबले साथै किविफलफुलपोषण सुरक्षाको हिसावले निकै महत्वपूर्ण बालीको रुपमा रहेको छ । पछिल्लो समयमाआलुको व्यवसायिकउत्पादनहुने गरेको तथाआम्दानीका दृष्टिकोणबाट उपयुक्तव्यवसायको रुपमा कृषकबाट लिएको पाईन्छ । आलु खेतिको क्षेत्र विस्तारकालागि गुणस्तरिय विउ समयमै आवश्यक परिमाणमा उपलब्ध गराउन साथै किविफललाई व्यवस्थित भण्डारण गरि वेमौसममा समेत उपभोक्तालाई आपूर्ति गर्न उचित भण्डारण गरि आलु तथाकिविको उत्पादनोपरान्तभण्डारण क्षमता वृद्धि गर्नको लागि सुनापति गाउँपालिकाबाट यो कार्यविधि स्विकृत गरि लागू गरिएको छ ।

**उद्देश्यः**

यस कार्यविधिको उद्देश्य देहायबमोजिमहुनेछ :

(क) बीउआलु उत्पादनगरिने स्थानहरुमाबीउआलुको सुरक्षित भण्डारण गर्न,

(ख) मौसमीकिवीफललाई सुरक्षित भण्डारण गरी बेमौसममाबजारीकरण गरी कृषकको आयआर्जनमा वृद्धि गर्न,

(ग) आलुबालीको व्यवसायिकरण गरी आत्मनिर्भर भई निर्यात प्रबर्द्धन गर्न,

(घ) गुणस्तरीय बीउआलुको प्रयोग गरी आलबालीको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षामा टेवा पु्याउने,

(ङ) कृषकको आयआर्जनमा वृद्धि गरी गरिवीन्युनिकरणमा टेवा पु्याउने ।

**कार्यक्रमलागु हुने स्थानः**यो कार्यक्रम सुनापतिगाउँपालिकावडा नं. २मालागु हुनेछ ।

**कार्यक्रमसञ्चालनप्रक्रियाः**

क) कृषि ज्ञानकेन्द्र रामेछाप र सुनापतिगाउँपालिकाको ५०%/५०% लगानीमाश्रृजनशील बहुउद्देश्यीय कृषिफार्मले निर्माण गरेको रष्टिक स्टोर गाउँपालिकाले रष्टिक घर सञ्चालन समिति गठन गरि सञ्चालनमा ल्याउनेछ।

ख) सुनापति गाउँपालिका, कृषिशाखा र सुनापति गाउँपालिका वडा नं. २ को समन्वयमा रष्टिक स्टोर सञ्चालन समिति गठन गरी उक्त भण्डार घर सञ्चालनार्थ भएको खर्च र आम्दानीविवरण पारदर्शी राखिनेछ । भण्डार घर प्रयोग वापत सञ्चालक समितिले निर्णय गरी कृषकबाट प्रयोग वापतको भाडा उठाईनेछ र गाउँपालिकाको आम्दानी खातामा राखिनेछ ।

ग) रष्टिक घर सञ्चालन समिति देहायबमोजिमको हुने छ :

संयोजकःप्रमुख प्रशाशकीय अधिकृत वा निजले तोकेको व्यक्ति (अधिकृतस्तर)
सदस्यः सम्बन्धीत वडाको अध्यक्ष
सदस्यः वडा प्राविधिक (कृषि)
सदस्य सचिवः कृषि शाखा प्रमुख (सुनापति गाउँपालिका)

अन्य सञ्चालन प्रक्रिया सञ्चालन समितिको निर्णय अनुसार हुनेछ ।सञ्चालन प्रक्रियामा समस्या आएमा कार्यपालिका बैठकमा पेश गरी सहजीकरण प्रक्रिया अगाडि बढाईनेछ ।

## २०. वेरोजगार युवा लक्षित बाँझो जमिन उपयोग

गाउँपालिकामा वेरोजगार भएका युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्दै रोजगारी सृजना गर्ने र कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी समग्र पालिकाको आर्थिक अवस्था सुधार गर्न बाँझो जमिनलाई उपयोग गरी वेरोजगार युवाहरुको लागि व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले यो कार्यक्रम स्वीकृत गरी लागू गरिएको छ ।

**उद्देश्यः**

यस कार्यक्रमको उद्देश्य वेरोजगार युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी रोजगारिको सिर्जना गर्ने र कृषि उपजको समग्रमा उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने रहेको छ ।

**कार्यक्रम सञ्चालन प्रकृयाः**

(१) यस कार्यक्रम अन्तर्गत बाली विविधिकरण कार्यक्रम (केतुकी, अम्रिसो, अदुवा, वेसार, विभिन्न अन्नबाली, फलफुलबाली, तरकारी बाली, घाँसे बाली आदि ) सञ्चालन गर्न सकिनेछ।

(२)कार्यक्रममा सहभागि हुन ईच्छुक वेरोजगार युवा व्यक्तिबाट आवश्यक कागजात सहित प्रस्ताव आह्वान गर्ने (आवश्यक कागजातहरु कृषि विकास शाखाले तय गर्ने)

(३)प्राप्त प्रस्ताव उपर चेक जाँच  गर्ने।

(४)आवश्यक भएमा प्रस्तावको स्थलगत निरिक्षण गर्ने।

(५)छनौट समितिद्धारा कृषक छनौट गर्ने (छनोटको मापदण्ड छनोट समितीले निर्धारण गर्नेछ)

(६) सम्झौता ।

(७)कार्यसम्पन्न पश्चात् भुक्तानीको लागि सिफारिस।

**न्युनतम मापदन्डहरुः**

(१) कार्यक्रममा सहभागि हुन चाहाने व्यक्ति रोजगारि नभएका २५ देखि ४९ बर्षसम्मका युवा हुनुपर्ने,

(२)वेरोजगार व्यक्ति सुनापति गाउँपालिकामा प्रधानमन्त्री रोजकार कार्यक्रम अन्तर्गतमा सूचिकृत भएका हुनुपर्ने सो नभएमा वेरोजगार भएको वडाको सिफारिस हुनुपर्ने।

(३) खेती बाँझो जग्गामै गरिनुपर्ने।

(४) निम्नतम २ रोपनी जग्गामा खेती गरेको हुनुपर्ने।

(५)अन्य मापदण्डहरु अनुसूचि १ अन्तर्गतको छनोट समितिले तोक्न सक्ने।

## २१. कृषि मेला प्रदर्शन कार्यक्रम

- गाउँकार्यपालिकाको कार्यालय आफैँले कृषि मेलाप्रदर्शन कार्यक्रम संचालन गर्न सक्नेछ । कार्यक्रम स्रञ्चालनगर्दा बार्षिक स्वीकृत बजेटको परिधिमा रहि कार्यक्रमतथा कृयाकलापहरुको लागतअनुमान सम्बन्धितकार्यालय प्रमुखबाट स्वीकृत गरी कार्यक्रमआयोजकमुलव्यवस्थापन समिति गठन गरी सञ्चालनगर्न सकिनेछ ।
- विधिवत् रुपमा दर्ता भई प्रमाण पत्रप्राप्ततथानविकरण भएका कृषि सहकारी तथा कृषक समुहहरुको साझेदारीमापनि सञ्चालनगर्न सकिनेछ । यस्ता संस्थाहरुले आयोजनागर्ने कृषि मेलाप्रर्दशनकार्यक्रममाकार्यालयले स्वीकृत वार्षिक बजेटको परिधिमा रहि रकम सहयोग गरी आयोजक, सह आयोजक, प्रायोजक, प्रवर्द्धकको रुपमा रहन सक्नेछ ।
- कृषक समुहवा संस्थाले आयोजनागर्ने कृषि मेलाप्रदर्शन कार्यक्रममा रकम सहयोगको लागि सम्बन्धित संस्थाले कार्यक्रम सञ्चालनगर्नु अघि कार्यक्रमको प्रस्ताव सहित रकम सहयोगको लागिकार्यालयमानिवेदन पेश गर्नु पर्नेछ र सम्वन्धितकार्यालयले स्वीकृत बजेटको अधिनमा रहि के कति रकमकुनकुनशिर्षकमाखर्च गर्ने हो, सोहि अनुसार दुई पक्षबिच सम्झौतागर्नु पर्नेछ ।
- गाउँपलिकाको कार्यालयबाट सहयोग गरिने रकम मेलाआयाजक संस्थाले स्टल, कृषकलाई पुरस्कार, कृषकको आउने जाने खर्च, कृषि सम्वन्धिप्रचार-प्रसार लगाएतका कृषि सम्वन्धिप्रदर्शन कार्यक्रम सञ्चालनतथाव्यवस्थापनमाखर्च गर्न सकिनेछ ।
- कार्यक्रम सञ्चालनभई सकेपश्चात साझेदार संस्थाले कार्यसम्पन्नप्रतिवेदन र खर्च विल सहित रकमभुक्तानीको लागि मेलाआयोजकसंस्थाले निवेदन पेश गरेमा सम्झौताअनुसार कार्यालयले भुक्तानीगनृ सक्नेछ ।
- प्रस्तावक संस्थाले पेश गरेको प्रस्तावको मुल्याङ्कनगर्नको लागि देहायमाउल्लेखित प्रस्तावमुल्याङ्कनसिफारिस समिति रहनेछ ।

(क)संयोजक-प्रमुखप्रशासकियअधिकृतवानिजले तोकेको व्यक्ति

.ख) सदस्य- प्रमुख, भेटेरिनरी शाखा

(ग) सदस्यसचिव- प्रमुख, कृषिविकास शाखा

यस समितिमाआवश्यकतानुसार अन्यव्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ।

## विविध

**बाधा अडकाउ फुकाउनेः-**यस कार्यविधिकार्यान्वयनको क्रममाकुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँकार्यपालिकाको कार्यालयको हुनेछ ।

## २२. **उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम**

कृषि पेसालाई सम्मानिततथाव्यवसायिकबनाउन र कृषकहरुलाई परम्परागत कृषिको रुपान्तरण र आधुनिकिकरण गर्न प्रोत्साहित गरी यूवाहरुलाई कृषि क्षेत्रमाआकर्षित गर्न सुनापतिगाउँपालिकामाउत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालनगरिनेछ ।

**कार्यक्रम सञ्चालनप्रकृया**

**छनौट समितिः** देहायबमोजिमको कार्यक्रम छनौट समिति रहनेछ :-

संयोजक-प्रमुखप्रशासकियअधिकृत

सदस्य- प्रमुख, भेटेरिनरी शाखा

सदस्य-प्रतिनिधि, आर्थिक विकास समिति

सदस्यसचिव- प्रमुख, कृषिविकास शाखा

तिनजनासम्म गाउँपालिकाबाट अन्य सम्बन्धितव्यक्तिलाइ आमन्त्रण गर्न सकिनेछ।

**बैठक सम्बन्धीकार्यविधिः**

(१) समितिको बैठक आवश्यकताअनुसार संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थानतोकीबोलाउनु पर्नेछ ।

(२) बहुमत सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्यामानिनेछ ।

(३) समितिको बैठकको निर्णय बहुमतको आधारमागरिनेछ ।

(४) समितिले आवश्यकताअनुसार सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धीअन्यव्यवस्था समितिआफैले निर्धारण गरे बमोजिमहुनेछ ।

**समितिको कामकर्तव्य र अधिकारः** समितिको कामकर्तव्य र अधिकार देहायबमोजिम रहनेछ ।

(क) कार्यक्रम सञ्चालनकालागि सूचनाप्रवाहतथाआवेदन संकलनगर्ने,

(ख) प्राप्तआवेदनको मूल्याङ्कन गरी आवश्यकताअनुसार स्थलगतनिरीक्षण समेत गर्ने, र

(ग) मूल्याङ्कनकाआधारमाउत्कृष्ट कृषकहरु तोक्ने

**मूल्याङ्कनकाआधारहरुः**

| क.सं. | मापदण्ड | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | श्रोत साधनको स्थिति एवं उपयोग | १० | |
| २. | स्थानीय समुदायमाकार्य अनुभव र योगदान | १० | |
| ३. | उत्पादनतथाउत्पादकत्व स्थिति | १० | |
| ४. | सेवातथा संस्थागतपहुँच | ५ | |
| ५. | रोजगारीको श्रृजनाको स्थिति | १५ | |
| ६. | कृषिव्यवसायमालगानीको स्थिति | ५ | |
| ७. | कृषिव्यवसायको आम्दानी र प्रतिफलको स्थिति | १० | |

| | | | |
|---|---|---|---|
| ८. | कार्यालय र प्राविधिकसंग सम्पर्कको स्थिति | ५ | |
| ९. | प्राविधिक ज्ञान सीपको जानकारी तथाप्रयोग स्थिति | १० | |
| १०. | कृषिव्यवसायको दीगोपनाको स्थिति | १० | |
| ११. | सृजनात्मककार्य गरेको | १० | |

**उत्कृष्ट कृषक पुरस्कार वितरणः**

- छनौट भएका कृषकहरुलाई गाउँपालिकामाविशेष कार्यक्रमको आयोजना गरी नगद पुरस्कार र प्रमाण-पत्र सहित सम्मानगर्नेछ ।
- छनौट भएका कृषकहरुलाई प्रदानगरिने नगद पुरस्कारको रकमगाउँपालिकाले निर्णय गरे बमोजिमहुनेछ ।

**विविधः**

पुनः सहभागिनगराईनेः एक पटक गाउँपालिकाउत्कृष्ट कृषक पुरस्कार प्राप्त गरी सकेका कृषकलाई ५ वर्षसम्मपुनः यस कार्यक्रममा सहभागि गराईने छैन ।

**बाधा अड्काउफुकाउने र संशोधनः**

यस कार्यविधिकार्यान्वयनको क्रममाकुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँकार्यपालिकाको कार्यालयको हुनेछ ।

## आवेदनको मापदण्ड

| क्र.सं. | बाली | क्षेत्रफल/संख्या(न्युनतम) |
|---|---|---|
| १. | अन्नबाली, दलहनतथा तेलहनबाली | १० रोपनी |
| २. | तरकारी, पुष्पतथामसलाबाली | २ रोपनी/प्लास्टिक टनेल १००० वर्ग फिट |
| ३. | च्याउ | |
| ४. | अलैंची, अदुवा | ५ रोपनी |
| ५. | अम्बा, सुन्तला, जुनार, नास्पाति | ७७५ बोट |
| ६. | किवी | ५ रोपनी |
| ७. | चिया | ५ रोपनी |
| ८. | मौरीपालन | ५० घार भएको |
| ९. | माछापालन | ५०० माछापालन गरेको |
| १०. | भेंडाबाखा | भेडा १०० माउ, बाखा ५० माउ |
| ११. | बंगुर | २० माउ |
| १२. | गाईभैंसी | १० माउ |
| १३. | कुखुरा | २००० वटा |
| १४. | हाँस | १००० वटा |
| १५. | घाँसखेती | ५ रोपनी |
| १६. | खाद्यान्नबीउ | ५ रोपनी |
| १५. | तरकारी बीउ | २ रोपनी |

नोटः माथिउल्लेखितबाहेक कुनै कृषकले नयाँउत्कृष्ट व्यवसाय गरेको भएत्यस्तो व्यवसायलाई छनौट समितिको निर्णय गरी मापदण्ड तयार गरी कार्यक्रममा समावेश गराउन सकिनेछ ।

**अनुदान कार्यक्रमका लागि आवश्यक कागजातहरु**

१) आवेदन पत्र १ प्रति (गाउँपालिकाले उपलब्ध गराएको फरमेट अनुसार)।
२) कृषक समुह/ निजि तथा साझेदारी फार्म / कृषि सहकारीको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि १ प्रति र नविकरण गरेको प्रमाण।
३)कृषक समुह/ कृषि सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि १ प्रति।
४)कृषक/ निजि तथा साझेदारी फार्मको हकमा जग्गाको पुर्जाको प्रतिलिपि १ प्रति।
५) लिजमा लिएको जग्गाको हकमा कम्तिमा ५ वर्षको करारनामा सहित द्धिपक्षीय सम्झौता १ प्रति ।
६)नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति।
७) कार्यक्रमको प्रस्तावना गाउँपालिकाले उपलब्ध गराएको फरमेट अनुसार।
८) विउ तथा विरुवा वितरण कार्यक्रमको हकमा आवेदनपत्रमात्र भए पुग्ने(गाउँपालिकाले उपलब्ध गराएको फरमेटअनुसार)

**तालिम,गोष्ठी,सेमिनार बैठक आदिको खर्चको नर्मस**

| क.स. | बिबरण | इकाई | बढीमा खर्च सिमा |
|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | प्रति दिन | १२००/०० |
| २ | मुख्य प्रशिक्षक / सहजकर्ता | प्रति कक्षा | १२००/०० |
| ३ | सहायक प्रशिक्षक | प्रति कक्षा | ८००/०० |
| ४ | मुख्य प्रशिक्षक / सहजकर्ता | प्रति दिन | ३५००/०० |
| ५ | सहायक प्रशिक्षक | प्रति दिन | २५००/०० |
| ६ | कार्यपत्र बापत | प्रति कार्यपत्र | १०००/०० |
| ७ | खाजा खर्च | प्रति जना | २००/०० |
| ८ | खाना खर्च | प्रति जना | ३००/०० |
| ९ | सहभागी यातायात खर्च | प्रतिजना प्रति दिन | ५००/०० |
| १० | सहयोगि खर्च | प्रति जना | ५०० |
| ११ | बाहिरको प्रशिक्षक (दै.भ्र.भ.) | प्रति दिन | नियमानुशार |
| १२ | बाहिरको प्रशिक्षक यातायात, खाना तथा होटलबास खर्च | बिल अनुशार | नियमानुशार |
| १३ | स्टेशनरी | | २००/०० |
| १४ | मसलन्द तथा प्रशिक्षण सामाग्री | | १५००/०० |
| १५ | फार्म अबलोकन यातायात खर्च | | ५०००/०० |
| १६ | ब्यानर | | १०००/०० |
| १७ | तालिम तथा गोष्ठीमा भत्ता | प्रति जना | १५००/०० |

**अनुगमन आदिको खर्चको नर्मस**

| क.स. | बिबरण | इकाई | बढीमा खर्च सिमा |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | अनुगमन संयोजक | प्रति दिन | नियमानुशार |
| २ | अनुगमन टोली सदस्य | प्रति दिन | नियमानुशार |
| ३ | यातायात खर्च | प्रति दिन | ५००/०० |
| ४ | खाजा खर्च | प्रति जना | २००/०० |
| ५ | खाना खर्च | प्रति जना | ३००/०० |
| ६ | स्टेशनरी | | २००/०० |
| ७ | मसलन्द | | १५००/०० |
| ८ | ब्यानर | | १०००/०० |

## अनुसूची १

## मुल्यांकन तथा छनोट समिती

संयोजक-प्रमुख प्रशासकिय अधिकृत

सदस्य- प्रमुख, भेटेरिनरी शाखा

सदस्य-प्रतिनिधि, आर्थिक विकास समिति

सदस्यसचिव- प्रमुख, कृषि विकास शाखा

तिन जनासम्म सम्बन्धित विज्ञ वा गाउँपालिकाबाट अन्य सम्बन्धित व्यक्तिलाइ आमन्त्रण गर्न सकिनेछ।

**अनुसूचि २**

प्रथम पटक प्रकाशित मिति :२०७८/०/

**सुचना!! सुचना!! सुचना!!**

यस रामेछाप जिल्ला सुनापति गाँउपालिका कृषि शाखाको आर्थिक वर्ष को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रम रहेकाले कार्यान्वयनमा सहभागी हुन इच्छुक यस गाँउपालिका भित्रका कृषक/ कृषक समुह/कृषि सहकारी/निजि तथा साझेदारी फार्महरुबाट यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यसै सुचनामा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी यस गाँउपालिकाको कार्यालयमा आवेदन पेश गर्नु हुन सूचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका आवेदनहरु छनौट प्रकृयामा समावेश गरिने छैन ।

थप जानकारीको लागी यस गाँउपालिकाको कार्यालय वा कृषि शाखाको सम्पर्क नं. ………………मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**तपशिल**

| **क्र.सं.** | **कार्यक्रम** | **इकाइ परिमाण** | **अनुदानको किसिम** | **साझेदार संस्था** | **कार्यक्रम संचालन हुने स्थान** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

**आवश्यक कागजातहरु**

१) आवेदन पत्र १ प्रति (गाउँपालिकाले उपलब्ध गराएको फरमेट अनुसार)।

२) कृषक समुह/ निजि तथा साझेदारी फार्म / कृषि सहकारीको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि १ प्रति र नविकरण गरेको प्रमाण।

३)कृषक समुह/ कृषि सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि १ प्रति।

४)कृषक/ निजि तथा साझेदारी फार्मको हकमा जग्गाको पुर्जाको प्रतिलिपि १ प्रति।

५) लिजमा लिएको जग्गाको हकमा कम्तिमा ५ वर्षको करारनामा सहित द्धिपक्षीय सम्झौता १ प्रति ।

६)नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति।

७) कार्यक्रमको प्रस्तावना गाउँपालिकाले उपलब्ध गराएको फरमेट अनुसार।

८)कार्यक्रमको प्रकृति अनुसार थप कागजात आवश्यक परेमा उल्लेख गर्न सकिनेछ ।

# अनुसूची ३

**आवेदन फाराम मितिः**

श्रीकृषि शाखा प्रमुख ज्यू,

सुनापति गाउँपालिका, रामेछाप।

विषयः प्रस्ताव पेश गरिएको बारे ।

तहाँ सुनापति गाउँपालिका कृषि शाखाको मिति ..............................मा प्रकाशित सूचना मुताविक म निवेदकले ..................................कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदक

दस्तखतः

मितिः

सम्पर्क नं.

प्रस्तावकको नाम थरः

स्थायी ठेगानाः

प्रस्तावित कार्यक्रमको नाम :

आवश्यक विरुवा संख्या(विरुवा वितरण कार्यक्रमको हकमा):

कार्यक्रम सञ्चालन हुने स्थानको पुरा ठेगानाः

संलग्न कागजातहरुको सूचिः

| क्र.स | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

## अनुसूची ४ व्यवसाय योजना

### (१) प्राविधिक प्रस्ताव

| | | | | |
|---|---|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | | | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | | | |
| ३ | आवेदकको नाम | | | |
| ४ | ठेगाना | | | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन/मोवम्ाइल नम्बर | | | |
| ६ | आवेदक संस्था/फर्म/कम्पनि/उद्योग/व्यवसायको दर्ता नम्बर | | | |
| ७ | दर्ता भएको कार्यालय र मिति | | | |
| ८ | आबेदक संस्था/फर्म/कम्पनि/उद्योग/व्यवसायको उमेर (दर्ता वा स्थापना पश्चातको अवधि वर्षेमा) | | | |
| ९ | भ्याट/पान दर्ता नम्बर | | | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | | | |
| ११ | प्रस्तावक आफ्नै श्रोतबाट व्यहार्ने रकम रु. | | | |
| १२ | सम्बन्धित कार्यालयसंग माग रकम रु | | | |
| १३ | प्रस्तावित कार्यक्रमको उद्देश्य | | | |
| १४ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधार | | | |
| १४.१ | सडक सुविधा छ /छैन | | नजिकको बजारको नाम | |
| १४.२ | कस्तो सडक छ(पक्कि/कच्चि) | | बजारसम्मको दुरि(कि.मि) | |
| १४.३ | बिजुलिको सुबिधा छ/छैन | | सदरमुकाम देखिको दुरि( कि.मि) | |
| १४. | खानेपानिको सुबिधा छ/छैन | | जग्गाको स्वामित्व( | |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | लिज/आफनै) | |

| | | |
|---|---|---|
| १५ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या | |
| १६ | लक्षित समुदाय अप्रत्यक्ष लाभान्वित हुनेको संख्या | |

| महिला | दलित | जनजाति | अन्य |
|---|---|---|---|
| | | | |

| | |
|---|---|
| १७ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरण |
| | |
| | |
| १८ | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु(बुदाँगत रुपमा सम्भव भए परिमाण समेत खुलाउने |
| | |
| | |
| १९ | प्रस्ताबित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य रकम खुलाउने |

| सि.नं. | सहकार्य गर्ने अन्य निकायहरुको नाम | सहकार्य रकम रु. |
|---|---|---|
| | | |
| | | |

| | |
|---|---|
| २० | प्रस्तावकले विगत वर्षेमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु(प्रस्तावित कार्यक्रमसंग मेलखाने मात्र) |
| | |
| २१ | उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी रकम रु. |
| २२ | प्रस्तावित कार्यक्रम सम्वन्धि आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने) |
| | |
| २३ | आवेदकसंग विद्यमान जनशक्ति विवरण |

| सि.नं. | जनशक्ति विवरण | दक्षता तालिम/शैक्षिक योग्यता | |
|---|---|---|---|
| | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

| | |
|---|---|
| २४ | प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकरात्मक असर |
| | |
| २५ | वातावरणीय असर न्यूनीकरणका लागि अपनाइने उपायहरु |
| | |
| २६ | प्रस्तावित कार्यक्रमले सिर्जना गर्ने रोजगारी (संख्या) |

## (२) आर्थिक प्रस्ताव

प्रस्तावमा उल्लेखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण :

| क.स | मुख्यमुख्य क्रियाकलापहरु | इकाई | परिमाण | प्रतिइकाई दर रु. | कुल लागत रु. | प्रस्तावकको योगदान रु. | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम रु | प्रस्तावकले व्यहोर्ने रकमकको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| कुल जम्मा (रु.) | | | | | | | | |
| माथि उल्लेखित विवरणहरु ठीक साचाँ छ, झुठो ठहरेमा कानुन बमोजिम सहुँला बुझाउँला । | | | | | | | | |
| संस्थाको जिम्मेवार पदाधिकारीको | | | | | | | | |

| | |
|---|---|
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| संस्थाको छाप | |

**नोटः आवेदकको योगदानमा जग्गाको मूल्य र चालुखर्च समावेस गर्न पाईने छैन ।**

## अनुसूचि ५ सम्झौता-पत्र

सुनापति गाउँपालिका कृषि शाखा को आ.व……………को स्वीकृत वार्षिक कार्यक्रम अनुसार …………………कार्यक्रम सञ्चालन गर्नका लागि मिति…………………गते प्रकासित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस सुनापति गाउँपालिकाको मिति…………………को ……….स्तरिय निर्णयबाट श्री ………………………. को प्रस्ताव छनौट भएको हुदाँ ……………………(यस अघि प्रथम पक्षभनिने) र श्री…………………………………(यस पछि दोश्रो पक्ष भनिने) का बिच तपसिल बमोजिमका शर्तहरु पालना गरि कार्यक्रम सञ्चालन गर्न मन्जुर भै यो द्बिपक्षिय सम्झौता गरिदियौ/लियौ । इति सम्बत…….साल……..महिना…….गते……रोज शुभम् ।

**तपसिल**

(१)………….कार्यक्रम …………जिल्ला…………महा/उपमहा/नगर/गाँउपालिका ….. नं. वडाको ……………गाँउ/टोलमा मिति ……..सम्ममा सम्पन्न गरिनेछ ।

(२) प्रथम पक्षले ………कार्यक्रम सञ्चालनको लागि दोश्रो पक्षले पेश गरेको व्यवसाय योजना मुताविक निम्न बमोजिमका क्रियाकलापहरुका लागि अनुदान उपलब्ध गराउने छ ।

| क.स | क्रियाकलाप विवरण | अनुमानित लागत रु. | प्रथम पक्षले व्यहोर्ने रु. | दोश्रो पक्षले व्यहोर्न रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |
| अक्षरुपी | | | | |

(३) प्रथम पक्षले अनुदान रकमबाट २ प्रतिशत कन्टिजेन्सि वापत र नियमानुसारका अन्उ कर कटटा गरि बाकि रकम दोश्रो पक्षको बैङ्क खातामा भुक्तानी दिनेछ ।

(४) दोश्रो पक्षले स्वीकृत प्रस्ताव मुताविकको डिजाईन र लागत ईष्टिमेन्ट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

(५)कार्यक्रम कार्यान्वयनका लागि आवश्यक निर्माण सम्बन्धित डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिङ्ग बिल, अन्तिम बिल, र कार्य सम्पन्न प्रतिबेदन लगायतका सबै प्राबिधिक कार्यहरु तथा निर्माण,खरिद, ढूवानि, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

(६) दोश्रो पक्षले सुरुमा आफनो लगानिबाट कार्य सुरुवात गरि सम्पन्न भएको कामको नेपाल सरकारबाट मान्यता प्राप्त प्ाविधिकले तयार गरेको मेजरमेन्ट बुक, रनिङ्ग बिल, कार्य सम्पन्न प्रतिबेदन, नियमानुसारको भ्याट बिल र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि पेश गरे

पश्चात प्रथम पक्षले स्थलगत प्राविधिक प्रतिबेदनको आधारमा मनासिव ठहरे बढिमा २ किस्तामा अनुदान रकम भुक्तानी गर्नेछ ।

(७) प्रथम पक्षले कुनैपनि समयमा संचालित कार्यको अनुगमन/निरीक्षण गरि सम्झौता मुताविक कार्य भए/नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ ।

(८) कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चात सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनाको लागि गरिने कार्यहरु तथा अप्रत्याशिल रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारि दोश्रो पक्षको हुनेछ ।

(९) दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरि अनिवार्य रुपले कार्यक्रमको नाम,ठेगाना तथा सहयोगि निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरि राख्नु पर्नेछ ।

(१०) दोश्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिको) कार्यक्रमको प्रगति, उपलब्धि तथा कारोवार सम्वन्धि विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(११) कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमतिमा हुनेछ ।

(१२) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यसै कार्यविधि र प्रचलित कानुन बमोजिम हुनेछ ।

(१३) प्रथम पक्षले सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम सरकारि बाँकि सरह असुल उपर गर्न सक्नेछ ।

**नोटः द्विपक्षीय सम्झौतामा कार्यक्रमको प्रकृतिअनुसारका अन्य सान्दर्भिक बुदाँहरु थप गर्न सकिनेछ ।**

| दोश्रो पक्षका तर्फबाट | प्रथम पक्षका तर्फबाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

रोहवर

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |